# मेलम्ची नगरपालिकाको नगर प्रहरी सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५

**प्रमाणीकरण भएको मिति : २०७५ पुस २६ गते**

स्थानीय सरकारका रूपमा मेलम्ची नगरपालिकाले उपलब्ध गराउने सेवा प्रवाह र विकास निर्माणको कार्यमा सहयोग पुऱ्याउँदै स्थानीय स्तरको सभा, समारोह तथा चाडपर्वको सुरक्षा व्यवस्थापन गर्न, स्थानीय बजार तथा पार्किङ स्थलको रेखदेख र व्यवस्थापन गर्न, नगर सरसफाई सम्बन्धी मापदण्डको कार्यान्वयन गर्न र न्यायिक समितिले गरेका मिलापत्र तथा निर्णयहरूको कार्यान्वयनमा प्रभावकारिता ल्याउन नगर प्रहरीको गठन, सञ्चालन र व्यवस्थापन गर्न वान्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) र नेपालको संविधानको धारा २२६ (१) ले दिएको अधिकार प्रयोग गरी नगर सभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः

(१) यस ऐनको नाम "मेलम्ची नगरपालिका नगर प्रहरी ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखी लागु हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा :-

क. "प्रमुख" भन्नाले मेलम्ची नगरपालिकाको प्रमुख सम्झनु पर्दछ ।

ख. "उपप्रमुख" भन्नाले मेलम्ची नगरपालिकाको उपप्रमुख सम्झनु पर्दछ ।

ग. "नगर कार्यपालिका" भन्नाले मेलम्ची नगरपालिका, नगर कार्यपालिका सम्झनु पर्दछ।

घ. "नगर सभा" भन्नाले मेलम्ची नगरपालिकाको नगर सभा सम्झनु पर्दछ ।

ङ. "कार्यालय" भन्नाले मेलम्ची नगरपालिका, नगर कार्यपालिकाको कार्यालय र वडा कार्यालय समेतलाई सम्झनु पर्दछ ।

च. "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले मेलम्ची नगरपालिकाको

प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ।

छ. "नगर प्रहरी प्रमुख" भन्नाले नगरपालिकाको प्रहरी निरीक्षकलाई जनाउँदछ ।

ज. "नगर प्रहरी" भन्नाले यस ऐन अर्न्तगत नियुक्त भएका वा दरिएका नगर प्रहरीलाई जनाउँदछ ।

३. <u>नगर प्रहरीको व्यवस्थाः</u>

(१) मेलम्ची नगरपालिकाको छुट्टै नगर प्रहरी रहनेछ, जसलाई मेलम्ची नगरप्रहरीको नामले चिनिनेछ ।

(२) नगर प्रहरीको संगठन संरचना तोकिए बमोजिम हुनेछ ।

(३) कार्यालयले उपदफा (२) बमोजिम आवश्यक नगर प्रहरी सेवा करारमा लिन सक्नेछ ।

४. <u>नगर प्रहरीको सञ्चालन एवं परिचालनः</u>

(१) नगरपालिकाको प्रत्यक्ष निर्देशनमा नगर प्रहरीको नेतृत्व नगर प्रहरी प्रमुखले गर्नेछ ।

(२) नगर प्रहरी प्रमुखले प्रमुख प्रशासकीय अधिकृतको प्रत्यक्ष सुपरीवेक्षण, नियन्त्रण र निर्देशनको अधीनमा रही कार्य गर्नेछ र दैनिक रूपमा नगर प्रहरीबाट भए गरेका कार्य सम्पादनको प्रतिवेदन नगरपालिकाको प्रमुख र प्रमुख प्रशासकीय अधिकृत समक्ष दिनु पर्नेछ ।

(३), नगर प्रहरी प्रमुखको प्रत्यक्ष सुपरीवेक्षण, नियन्त्रण र निर्देशनमा रही नगर प्रहरीले कार्य गर्नेछ ।

(४) नगरपालिकाको कामको सिलसिलामा नगरपालिकाको प्रमुख र प्रमुख प्रशासकीय अधिकृतले दिएको आदेशको पालन गर्नु नगर प्रहरीको कर्तब्य हुनेछ ।

(५) नगर प्रहरीको ड्युटीको खटन पटन तथा अन्य जिम्मेवारीको बाँडफाँड नगर प्रहरी प्रमुखले गर्नेछ र सोको जानकारी प्रमुख प्रशासकीय अधिकृतलाई दिनु पर्नेछ ।

५. कार्य विवरण : नगर प्रहरीले सम्पादन गर्नुपर्ने कार्यहरूको विवरण तोकिए बमोजिम हुनेछ

६. आचरण तथा अनुशासनः नगर प्रहरीले पालना गर्नु पर्ने अनुशासन एवं आचरण सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

७. पोशाक र चिन्हः नगर प्रहरीको दर्ज्यानी चिन्ह, ब्याज, पोशाक र सोको रंग सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

८. संचार सेटः कार्यालयले नगर प्रहरीको कार्य सम्पादनलाई प्रभावकारी बनाउन आवश्यक संख्यामा संचार सेट र सुरक्षाका अन्य आवश्यक उपकरण उपलब्ध गराउनेछ ।

१०. निरीक्षणः नगरपालिकाको उपप्रमुख र प्रमुख प्रशासकीय अधिकृतले नगर प्रहरीको ड्युटीको जुनसुकै बखत निरीक्षण गर्न र आवश्यक निर्देशन दिन सक्नेछ ।

११. आवासः कार्यालयले नगर प्रहरीलाई आवश्यकता र औचित्यको आधारमा आवासको व्यवस्था मिलाउन सक्नेछ ।

१२. पारिश्रमिक, राशन, बिदा तथा अन्य सुविधाः

(१) नगर प्रहरीको पारिश्रमिक, राशन, बिदा तथा अन्य सेवा शर्त र सुविधा करार सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

(२) कार्यालयलाई नगर प्रहरीको सेवा आवश्यक छ भन्ने लागेमा निजको कार्य सम्पादनको आधारमा करारको म्याद आवश्यकता अनुसार नवीकरण गर्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखेको भएतापनि कार्य सम्पादन स्तर संतोषजनक नरहेको नगर प्रहरीको सेवा करार सम्झौता कार्यालयले जुनसुकै समयमा रद्द गर्न सक्नेछ ।

१३. तालीमः कार्यालयले नगर प्रहरीलाई समय समयमा सुरक्षा तथा सम्बन्धित अन्य विषयमा आवश्यक तालीमको व्यवस्था गर्न सक्नेछ ।

१४. <u>अंगरक्षकको रूपमा कार्य गने</u> : कार्यालयले आवश्यक ठानेमा नगर प्रहरीलाई प्रमुख, उपप्रमुख वा प्रमुख प्रशासकीय अधिकृतको अंगरक्षकको रूपमा कार्य गर्ने गरी खटाउन सक्नेछ ।

१५. <u>प्रतिवेदन</u>ः नगर प्रहरीले गरेको कार्य सम्पादनको मासिक प्रतिवेदन नगर प्रहरी प्रमुखले प्रमुख प्रशासकीय अधिकृत मार्फत् प्रमुख समक्ष पेश गर्नु पर्नेछ ।

१६. <u>छानबीन</u>ः नगर प्रहरीले कानून विपरीत वा बद्नियतपूर्वक कार्य गरेको भनी कार्यालयमा लिखित उजूरी वा गुनासो पेश हुन आएमा सो उपर प्रमुख प्रशासकीय अधिकृतले छानबीन गरी आवश्यक कारवाही गर्नेछ ।

१७. <u>कारवाही तथा बर्खास्ती</u>ः कुनै नगर प्रहरीले प्रचलित कानून वा नगरपालिकाको निर्णय, नीति, नियम विपरितको कार्य गरेमा वा बदनियतपूर्वक कार्य गरी नगरपालिकालाई हानी नोक्सानी पुऱ्याएमा वा आचरण पालना नगरेमा वा अनुशासनहीन कार्य गरेमा निजलाई प्रमुख प्रशासकीय अधिकृतले नसिहत दिन, पद घटुवा गर्न वा करार सम्झौतामा उल्लेख भए बमोजिमको आवश्यक कारवाही गर्न सक्नेछ ।

१८. <u>पुरस्कार</u>ः प्रशंसनीय एवं उत्कृष्ट कार्य सम्पादन गर्ने नगर प्रहरीलाई कार्यालयले पुरस्कृत गर्न सक्नेछ ।

१९. <u>कार्य सञ्चालन प्रक्रिया</u>ः कार्यालयले नगर प्रहरीको कार्य सञ्चालन प्रक्रिया (Standard Operating Procedure) बनाई लागू गर्न सक्नेछ ।

२०. <u>दमकल कर्मचारी सम्बन्धी व्यवस्था</u>ः

(१) दमकल कर्मचारी सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(२) नगरपालिकाको दमकल कर्मचारीले नगर प्रहरी प्रमुखको मातहतमा रही कार्य गर्नु पर्ने छ ।

(३) कार्यालयले दमकल सञ्चालन सम्बन्धी कार्य प्रक्रिया (Standard Operating Procedure) बनाई लागू गर्न सक्नेछ ।

२१. <u>नियम, निर्देशिका बनाउन सक्ने</u>ः कार्यालयले नगर प्रहरी ऐनको उद्देश्य कार्यान्वयनका लागि आवश्यक नियम, निर्देशिका, कार्यविधि बनाई लागु गर्न सक्नेछ ।

प्रमाणिकरण मितिः २०७५ साल पौस २६ गते ।

आज्ञाले,
देवी प्रसाद थपलिया
प्रमुख प्रशासकीय अधिकृत
मेलम्ची नगरपालिका